संघीय संसद

# प्रतिनिधि सभा, २०७९

दोश्रो अधिवेशन

बैठक संख्या – ४७

## दैनिक कार्यसूची

२०८० साउन २६ गते, शुक्रबार

दिनको १:०० बजे

### राष्ट्रपतिको कार्यालयको पत्र

१. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त कार्यभार तोकिएको र विधेयक प्रमाणीकरण सम्बन्धी पत्रहरुको व्यहोरा पढेर सुनाउनु हुने ।

### प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्र

२. सम्माननीय सभामुखले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट प्राप्त कार्यभार तोकिएको सम्बन्धी पत्रहरुको व्यहोरा पढेर सुनाउनु हुने ।

### सदस्य निलम्बन सम्बन्धी जानकारी

३. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २४८ को उपनियम (३) को प्रयोजनको लागि प्रतिनिधि सभा सदस्य श्री टोपबहादुर रायमाझी निलम्बन हुनुभएको जानकारी गराउनु हुने ।

### बाधा अड्काउ फुकाउ आदेश पेश

४. मा० कानून, न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङले नेपाल सरकार, मन्त्रिपरिषद्को निर्णयबाट आयोगको कार्यावधि थप गर्ने गरी जारी भएको आदेश बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोग ऐन, २०७१ को दफा ४२ को उपदफा (२) बमोजिम सदन समक्ष पेश गर्नुहुने ।

### विषयगत समितिमा हेरफेर

५. सम्माननीय सभामुखले प्रतिनिधि सभा अन्तर्गतको विषयगत समितिमा माननीय सदस्यको नाम हेरफेर गर्नुहुने ।

### व्यवस्थापन कार्य

६. मा० शिक्षा विज्ञान तथा प्रविधि मन्त्री श्री अशोक कुमार राईले राष्ट्रिय सभामा उत्पत्ति भएको “नेपाल विश्वविद्यालय विधेयक, २०८० लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्” भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

### अनुपस्थितिको सूचना

७. सम्माननीय सभामुखले प्रतिनिधि सभा नियमावली, २०७९ को नियम २१३ को उपनियम (१) बमोजिम १० वा सो भन्दा बढी बैठकमा अनुपस्थित मा० सदस्यहरुको अनुपस्थितिको सूचनाहरु सभाको स्वीकृतिको लागि पेश गर्नुहुने ।

डा. भरतराज गौतम

संघीय संसदको महासचिव